आज मिति २०७५ साल फाल्गुण महिनाको २९ गते बुधबारका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मानन्धरज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिलका निर्णयहरू गरियो।

## तपशिल

| दस्तखत | पदाधिकारीको नाम, थर | पद |
|---|---|---|
| | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमबहादुर भुजेल | वडाध्यक्ष १ न. वडा |
| | श्री परशुराम सिग्देल | वडाध्यक्ष २ न. वडा |
| | श्री लेखबहादुर क्षेत्री | वडाध्यक्ष ३ न. वडा |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष ४ न. वडा |
| | श्री डन्डबहादुर राना | वडाध्यक्ष ५ न. वडा |
| | श्री श्री नरबहादुर थापा | वडाध्यक्ष ६ न. वडा |
| | श्री केशमाया थापा | वडाध्यक्ष ७ न. वडा |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य |
| | श्री रेखा वि.क. | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्रबहादुर गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरजबहादुर नेपाली | कार्यपालिका सदस्य |
| | प्र.प्र.अ.श्री मित्रलाल भट्टराई | सचिव |
| आमन्त्रित | | |
| | श्री भगिरथ पौडेल | नायबसुब्बा |
| | श्री मनोज पोख्रेल | लेखापाल |

प्रस्तावहरू:

१.सेवा शुल्क(ल्याब तथा अमिन) सम्बन्धमा

२.कर संकलन कार्यमा गाउँप्रहरी परिचालन सम्बन्धमा

३.शिक्षा शाखाको संचालन तथा आधारभूत तह (कक्षा ८)को परीक्षा,उत्तरपुस्तिका परिक्षण,नतिजा व्यवस्थापन सम्बन्धमा

४ नागरिकता टोली व्यवस्थापन

५.स्वास्थ्यकर्मी परिचालन सम्बन्धमा

६. अपांगता परिचयपत्र वितरण समन्वय समिति गठन

७ .खानेपानी योजनाका सम्बन्धमा

८ .ईलाका प्रहरी कार्यालय मग्याम चिसापानीलाई मर्मत खर्च उपलब्ध गराउने सम्बन्धमा

निर्णय नम्बर १ क ल्याब शुल्क सम्बन्धमा

प्रस्ताव नम्बर १ का सम्बन्धमा यस गाउँपालिका अन्तर्गत वडा नम्बर २ मग्याम चिसापानी स्वास्थ्य चौकीमा प्रयोगशाला सेवाको लागि आवश्यक उपकरण, गाउँपालिकाबाट ल्याबअसिस्टेन्ट समेत पठाईसकिएको अवस्थामा आवस्यक केमिकल खरिद गरी प्रयोगशाला सेवा सुचारु गर्ने र सो सेवा संचालनको लागत समेतलाई मध्यनजर गर्दै सम्बन्धित स्वास्थ्य संस्थाबाट शुल्क माग गरी प्रयोगशाला सेवा शुल्क लिने र सो सेवा संचालन र उठेको शुल्क सहितको मासिक विवरण यस गाउँपालिकामा पठाउन लगाउने निर्णय गरियो ।

निर्णय नम्बर १ ख अमिन शुल्क सम्बन्धमा

यस गाउँपालिको निर्णय अनुसार राखिएका अमिनलाई सार्वजनिक,सरकारी,ऐलानी जग्गा नाप्ने गरी कार्यालयबाट

ग) भुर्जुंगथोक खानेपानी तथा सरसफाई योजना रू. ३४६६४५/
वडा नम्बर ६

निर्णय नम्बर ८
प्रस्ताव नम्बर ८ का सम्बन्धमा व्यापक छलफल विचार विमर्श गर्दा यस गाउँपालिका अन्तर्गत ईलाका प्रहरी कार्यालय मग्याम चिसापानीबाट वर्तमान सन्दर्भमा सुरक्षा सम्बेदंशिलता समेतलाई उल्लेख गर्दै सबारी साधन मर्मत खर्च गर्न रकम माग भएकोले रू. १५००००/- (एकलाख पचास हजार रुपैंया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

मासिक रूपमा शुल्क उठाउन लगाउने र बाँकी दिनमा छुटेका गाडीको सम्बन्धित वडा बाट नै सो शुल्क उठाउने निर्णय गरियो।

निर्णय नम्बर ३ क शिक्षा शाखा अन्तर्गत स्रोतव्यक्ति परिचालन

प्रस्ताब नम्बर ३ का सम्बन्धमा व्यापक छलफल विचार विमर्श हुँदा यस गाउँपालिकाका स्रोत व्यक्तिको काज फिर्ता भएकोले गाउँपालिका मातहतका सामुदायिक बिद्‍यालयमा कार्यरत कम्तिमा स्नातकोत्तर गरेका स्थायी शिक्षकहरूबाट अर्को व्यवस्था नभएसम्म यस गाउँ पालिका को शिक्षा शाखा अन्तर्गत श्रोत व्यक्तिको रूपमा कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने , यसरी स्रोत व्यक्तिको जिम्मा पाएका व्यक्तिको सट्टामा कामकाज गर्ने जनशक्ति राख्ने तथा गाउँ पालिका बाट उचित पारिश्रमिकको व्यवस्था गर्ने र यी सबै कार्य गर्नको लागि गाउँ पालिकाको शिक्षा समितिलाई जिम्मा दिने निर्णय गरियो।

निर्णय नम्बर ३ ख आधारभूत तह कक्षा ८ परीक्षा, उत्तरपुस्तिका परिक्षण, नतिजा व्यवस्थापन

प्रस्ताव नम्बर ३ का सम्बन्धमा कक्षा ८ को परीक्षा, उत्तर पुस्तिकापरीक्षण तथा नतिजालाई नियमित मर्यादित, व्यवस्थित र एकरूपतापूर्ण बनाउन गाउँ पालिका शिक्षा समितिलाई आवस्यक निर्देशन दिने र सो कार्यका लागि आवश्यक खर्च गाउँपालिकाबाट बेहोरिने निर्णय गरियो ।

निर्णय नम्बर ४ क नागरिकता टोली सम्बन्धमा

प्रस्ताब नम्बर ४ का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकामा आउने नागरिकता टोलीलाई तपशिल अनुसार क्षेत्र बिभाजन गरी परिचालन हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल

| मिति | स्थान |
|---|---|
| २०७५/१२/०८ | पिताम्बर मा.बि.प्रांगण क्याक्मी |
| २०७५/१२/०९ | रोदिखोला खेल मैदान चित्रेभंज्यांग |
| २०७५/१२/१० | २ नम्बर वडा कार्यालय मग्याम चिसापानी |

निर्णय नम्बर ५

प्रस्ताव नम्बर ५ का सम्बन्धमा व्यापक छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका स्वास्थ्यकर्मीलाई देहाय अनुसार परिचालन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स्वास्थ्यकर्मी | हाल कार्यरत | खटिने स्वास्थ्य संस्था |
|---|---|---|
| १ अविरल साउत | क्याक्मी स्वा. | सामुदायिक स्वा.इकाई आग्रीडाँडा १ |
| २ सफल राना | चिसापानी | सामुदायिक स्वा.इकाई वडा नम्बर ५ |
| ३ चन्द्र भुषण यादव | करान्गस्वारा | सामुदायिक स्वा.इकाई राम्चे |
| ४ दिपमाला चन्द | राम्चे | सामुदायिक स्वा.इकाई वडा नम्बर ७ |

निर्णय नम्बर ६

प्रस्ताव नम्बर ६ का सम्बन्धमा व्यापक छलफल गर्दा यस गाउँपालिकाबाट पारित अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ अनुसार देहाय अनुसार समितिलाई पूर्णता दिने निर्णय गरियो ।

क ) झनमाया पराजुली गा.पा. उपाध्यक्ष संयोजक

ख) नारायनसिंग थापा सदस्य

ग ) बशंती मानन्धर सदस्य

घ) मिलन सुर्खाली सदस्य

ङ) हरिबहादुर क्षेत्री सदस्य

च) प्रेम हमाल सदस्य

छ) स्थानीय समन्वय समितिले मनोनित गर्ने सदस्य

ज)शुकमाया थापा सदस्य

झ) बिदुर सिग्देल सदस्य

निर्णय नम्बर ७

प्रस्ताब नम्बर ७ का सम्बन्धमा यस गाउँपालिकाको गाउँसभाबाट स्वीकृत बजेट अन्तर्गत एक घर एक धारा कार्यक्रम अन्तर्गत अध्ययन भै आएका तपशिलका योजनाहरू सम्झौता गरी कार्यन्वयनमा लैजाने निर्णय गरियो ।

क) बुम्दी बलाम्दी खानेपानी तथा सरसफाई योजना वडा नम्बर ३ मा रू.४०००००/ चार लाख मात्र

ख ) खहरे खानेपानी तथा सरसफाई योजना वडा नम्बर २ रू. ३०१६९२९।५३ तिस लाख सोह्र हजार नौ सय उनन्तिस रूपैया